काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक



❐ वर्ष : २६ ❐ अंक : ५८ ❐ शनिवार, १२ मंसिर, २०८३ ❐ Saturday, 28 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

सीमामा कडाइले स्वदेशी तरकारीलाई सहज

❐ काँक्रेविहार संवाददाता

बाँके, ११ मंसिर

पछिल्लो समय नेपालगन्जस्थित रानीतलाउ तरकारी बजारलगायतका अन्य तरकारी बजारमा बिक्री हुने अधिकांश तरकारी स्वदेशी उत्पादन नै हुने गरेको छ। यहाँस्थित नेपाल-भारत सीमानाकामा भारतबाट आउने तरकारीमा अत्यधिक कडाइ गरेपछि स्थानीय बजारमा बाँकेलगायत पहाडी जिल्लाका तरकारीसमेत उपलब्ध हुन थालेको हो। रानीतलाउ कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतीसरा थापा क्षेत्रीका अनुसार जेठदेखि मङ्सिरसम्ममा स्थानीय बजारमा खपत हुने कुल तरकारीमध्ये करिब ६० प्रतिशत तरकारी सल्यान, रुकुम, रोल्पा र दाङलगायतका छिमेकी पहाडी तथा भित्री मधेशबाट आएका छन्। बाँकी ३० प्रतिशत बाँके जिल्लाका विभिन्न क्षेत्रबाट आउने तरकारीले बजारको माग धान्ने गरेको छ। पहाडी जिल्लाबाट दैनिक जसो गोलभेँडा, बन्दा, काउली, भान्टा, सिमी, खुर्सानी, लौका, करेला, बोडी र काँक्रो आउने गरेको उनले जानकारी दिए। सीमानाकाबाट अवैध रूपमा भित्रिने तरकारीमा कडाइ गरिएपछि स्वदेशी उत्पादनको माग र खपत ह्वात्तै बढेको व्यवसायीको भनाइ छ।

"सीमामा निगरानी कडा हुँदा अवैध आयात नियन्त्रण भयो। त्यसको प्रत्यक्ष लाभ नेपाली किसानले पाएका छन," उहाँले भन्नुभयो, "उपभोक्ताले पनि स्वदेशी ताजा तरकारी सहजै पाउने अवस्था बनेको छ।" रानीतलाउको तरकारी नेपालगन्ज मात्र नभई लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशसम्म पुग्छ।

१० औँ राष्ट्रिय खेलकुद

क्रिकेटमा आर्मी, एपीएफ र मधेशको दबदबा, फुटबलमा आर्मीको लगातार दोस्रो जित

महिला क्रिकेटमा कर्णाली बाहिरियो, बास्केटबलमा आठ टोली सेमिफाइनलमा, पुलिस क्रिकेटमा मधेशसँग पराजित; ओलम्पिक टर्चसहित ट्रफी टुर सुरू

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ११ मंसिर

कर्णाली प्रदेशमा जारी १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत विभिन्न खेलका प्रतिस्पर्धा जारी छन्। प्रतियोगिताको चौथो दिन शुक्रबार क्रिकेट, फुटबल र बास्केटबलका प्रतिस्पर्धा भएका छन्। महिला क्रिकेटमा विभागीय टोली त्रिभुवन आर्मी क्लब र एपीएफले जित निकाल्दै सेमिफाइनल यात्रा तय गरेका छन्। पुरुष क्रिकेटमा एपीएफ र मधेश प्रदेश विजयी हुँदा विभागीय टोली नेपाल पुलिस क्लबले हारबाट प्रतियोगिताको सुरुवात गरेको छ पुरुष फुटबलमा त्रिभुवन आर्मी क्लबले लगातार दोस्रो जित दर्ता गरेको छ भने कोशी प्रदेशले लुम्बिनीलाई पराजित गरेको छ। महिला बास्केटबलका दुई विधामा गरी आठ टोली सेमिफाइनलमा प्रवेश गरेका छन्। यसैबीच, राष्ट्रिय खेलकुदको प्रचारप्रसारका लागि ओलम्पिक टर्च तथा ट्रफी टुर सुरु गरिएको छ भने रुकुमपश्चिमको चौरजहारीमा शारीरिक सुगठन प्रतियोगिता सञ्चालन भएको छ।

महिला क्रिकेटमा आर्मी र एपीएफ सेमिफाइनलमा

महिला क्रिकेटमा त्रिभुवन आर्मी क्लबले आयोजक कर्णाली प्रदेशलाई ९७ रनले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको छ। शुक्रबार वीरेन्द्रनगर



रंगशालामा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको आर्मीले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १३८ रन बनाएको थियो। आर्मीका लागि सम्झना खड्काले ५८ बलमा ६२ रन बनाइन्। १३९ रनको लक्ष्य पछ्याएको कर्णाली ४१ रनमै अलआउट भयो। कर्णालीका जयन्ती चन्दले सर्वाधिक १० रन बनाइन्। आर्मीकी मनिषा उपाध्यायले चार तथा यमुना थारुले तीन विकेट लिइन्। सम्झना खड्का प्लेयर अफ द म्याच घोषित भइन्। लगातार दोस्रो हारसँगै कर्णाली प्रतियोगिताबाट बाहिरिएको छ। यस्तै, एपीएफ क्लबले मधेश प्रदेशलाई ८० रनले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ। पहिले ब्याटिङ गरेको एपीएफले ६ विकेट गुमाएर १४३ रन बनाएको थियो। उसका लागि इन्दु बर्माले ५६ र रोमा थापाले अविजित ४४ रन बनाइन्। १४४ रनको लक्ष्य पछ्याएको मधेशले सात विकेट गुमाएर ६३ रन मात्रै बनाउन सक्यो। एपीएफका सुमन विष्ट र राजमती ऐरीले दुई-दुई विकेट लिए।

पुरुष फुटबलमा आर्मीको लगातार दोस्रो जित

पुरुष फुटबलमा त्रिभुवन आर्मी क्लबले बागमती प्रदेशलाई २-० गोलले पराजित गर्दै लगातार दोस्रो जित निकालेको छ। शुक्रबार भएको खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको ६४औँ मिनेटमा लाकेन लिम्बुले गोल गर्दै आर्मीलाई अग्रता दिलाए। अतिरिक्त समयमा मैदान प्रवेश गरेका नवयुग श्रेष्ठले ९७औँ मिनेटमा दोस्रो गोल गरेपछि आर्मीको जित सुनिश्चित भयो।

यसअघि लुम्बिनीलाई पराजित गरेको आर्मीले बागमतीलाई पनि हराउँदै ६ अंक जोडेको छ। पहिलो खेलमा कोशीसँग बराबरी गरेको बागमतीको भने एक अंक छ। अर्को खेलमा कोशी प्रदेशले लुम्बिनी प्रदेशलाई ४-१ गोलले पराजित गरेको छ। कोशीका मिलन राईले १२औँ र ३२औँ मिनेटमा दुई गोल गरे भने अमित सन सतारले १४औँ र सौरभ लिम्बुले ६४औँ मिनेटमा गोल गरे। लुम्बिनीका फागुराम चौधरीले ५९औँ मिनेटमा एक गोल फर्काए। खेलको ५८औँ मिनेटमा कोशीका प्रकाश भुजेल रातो कार्ड पाएर मैदानबाट बाहिरिएपछि कोशी १० खेलाडीमा सीमित भएको थियो। रातो कार्डका कारण भुजेलले आगामी एक खेल गुमाउने छन्। लुम्बिनीका फागुराम चौधरीले लगातार दुई खेलमा पहेँलो कार्ड पाएपछि एक खेलको प्रतिबन्धमा परेका छन्। पहिलो खेलमा बागमतीसँग बराबरी खेलेको कोशीले लुम्बिनीलाई हराउँदै चार अंक जोडेको छ। त्रिभुवन आर्मीसँग पहिलो खेल हारेको लुम्बिनी दोस्रो हारपछि अंकविहीन छ।

पुरुष क्रिकेटमा एपीएफको विजयी सुरुवात

पुरुष क्रिकेटमा एपीएफ क्लबले कोशी प्रदेशलाई ११ रनले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गरेको छ। कालुन्चोक मैदानमा पहिले ब्याटिङ गरेको एपीएफले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १५४ रन बनाएको थियो। एपीएफका दीपक बोहराले ४४ बलमा ५७ रन बनाए। सुमित महर्जनले २८ र अमर सिंह रौतेलाले १६ रनको योगदान दिए। १५५ रनको लक्ष्य पछ्याएको कोशीले २० ओभरमा नौ विकेट गुमाएर १४३ रन मात्रै बनाउन सक्यो। कोशीका अंकित सुवेदीले ५२ रन बनाए पनि टोलीलाई जित दिलाउन सकेनन्। एपीएफका अमर सिंह रौतेलाले तीन तथा अभिनाश बीले दुई विकेट लिए।

मधेशसँग पुलिस २९ रनले पराजित

पुरुष क्रिकेटमा *बाँकी पृष्ठ ४*

कर्णालीबाटै प्रशिक्षण सुरु गर्दै रास्वपा

तीन सय नेता-कार्यकर्ता सहभागी हुने, संगठन सुदृढीकरण र नेतृत्व विकासमा जोड

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ११ मंसिर

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले कर्णाली प्रदेशबाट प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम सुरु गर्ने भएको छ। पार्टी सभापति रवि लामिछानेसहित शीर्ष नेताहरूको उपस्थितिमा शनिबार र आइतबार वीरेन्द्रनगरमा दुईदिने प्रशिक्षण सञ्चालन हुन लागेको हो। प्रशिक्षणका लागि सभापति लामिछाने शुक्रबार नै सुर्खेत आइपुगेका छन्।

पार्टीका कर्णाली प्रदेश महामन्त्री ललित चन्दका अनुसार प्रशिक्षणमा सभापति लामिछाने, उपसभापति स्वर्णिम वाग्ले, सोबिता गौतम, महामन्त्री विपिन आचार्य, नेता शिशिर खनाल, संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, मुख्य सचेतक कविन्द्र बुर्लाकोटी र हरि ढकाललगायत सहभागी हुनेछन्।

प्रशिक्षणमा कर्णालीका जिल्ला, प्रदेश तथा स्थानीय तहका गरी करिब तीन सय नेता तथा कार्यकर्ता सहभागी हुने प्रदेश उपसभापति तुलाराज शाहीले जानकारी दिए। वीरेन्द्रनगरस्थित कौशिक गार्डेनमा सञ्चालन हुने प्रशिक्षणमा पार्टीको वैचारिक आधार, सिद्धान्त, राजनीतिक दृष्टिकोण, क्यान्डिडेट क्लब र लिडर सिप एकेडेमीका विषयमा प्रशिक्षण *बाँकी पृष्ठ ३*

होल्डिङ सेन्टर खाली नगर्ने अडानमै सुकुम्बासी

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ मंसिर

सरकारले शुक्रबार २ बजेसम्मको अल्टिमेटम दिँदै होल्डिङ सेन्टर खाली गर्न दबाब दिए पनि सुकुम्बासीहरूले नछोड्ने अडान लिएका थिए। भक्तपुरको बोडेस्थित सुकुम्बासी बसेको सेन्टर खाली गरिँदिन केही दिनअघि नै भक्तपुर जिल्ला प्रशासनले सूचना टाँसेको थियो।

सरकारले जग्गा देखिएका सात परिवारलाई सेन्टर छोड्न भन्दै सूचना टाँसेको थियो।

तर भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टरमा बसेका १९ वटै परिवारको खाना कटौति गरेको छ। शुक्रबार दिउँसो २ बजेसम्मको समय दिएर सेन्टर खाली गर्न भनिएको थियो। तर शुक्रबार बिहानको खाना पनि रोकिएको सुकुम्बासीलाई सहजीकरण गरिरहेकी अंशुदा पौडेलले जानकारी दिइन्।

'सूचनामा सात परिवारलाई होल्डिङ सेन्टर खाली गर्न भनियो। तर १९ वटै परिवारको खाना शुक्रबार बिहानैदेखि कटौति भयो। त्यसैले वैकल्पिक व्यवस्था नभइ नहट्ने अडान लिएका उनीहरू आन्दोलित भएका हुन्,' पौडेलले भनिन्, 'हामीले विरोध गरेपछि आज बिहान बच्चालाई स्कुल भने लगिएको छ। तर खाना बन्द गरेपछि उहाँहरू दालमोठ-चिउरा खाएर विरोध प्रदर्शनमा उत्रिनुभएको छ।'

सातै प्रदेशमा ८३८ विशेषज्ञ चिकित्सक खटाइए

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ११ मंसिर

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले एमडी, एमएस र एमडिएस उत्तीर्ण ८३८ जना विशेषज्ञ चिकित्सकलाई सातै प्रदेशमा खटाएको छ। यससँगै विशेषज्ञ उपचारका लागि काठमाडौं तथा ठुला सहर धाउनुपर्ने बाध्यता क्रमशः घट्दै जाने अपेक्षा गरिएको छ। मन्त्रालयको विवरणअनुसार बागमती प्रदेशमा सबैभन्दा बढी २०८, कोशीमा १५४, लुम्बिनीमा १३३ र गण्डकीमा १२९ जना विशेषज्ञ चिकित्सक खटाइएका छन्। त्यसैगरी मधेस प्रदेशमा ८६, सुदूरपश्चिममा ७६ र कर्णालीमा ५२ जना



चिकित्सक खटाइएका छन्।

खटाइएकामध्ये ५११ जना चिकित्सक प्रदेश स्वास्थ्य मन्त्रालयमा खटिएका छन् भने बाँकी ३२७ जना सङ्घीय अस्पताल तथा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा खटाइएका छन्। सङ्घीय सरकारबाट प्रदेशमा खटाइएका चिकित्सकलाई प्रदेश सरकारले आफ्नो आवश्यकता,प्राथमिकता र कार्यक्षेत्रअनुसार स्थानीय तहका स्वास्थ्य संस्थामा परिचालन गरी सेवा प्रवाहलाई थप प्रभावकारी र सहज बनाउन सक्ने व्यवस्था छ। यसबाट एनेस्थेसिया, स्त्री तथा प्रसूति रोग, जनरल सर्जरी, हाडजोर्नी, मेडिसिन, आकस्मिक सेवा, आँखा, बाल रोग, दन्त तथा मानसिक स्वास्थ्यलगायतका सेवा सुदृढ भई सुरक्षित सुत्केरी सेवा, शल्यक्रिया तथा आकस्मिक उपचारमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ।

कथा

मौन पीडा



कृष्णमणि पराजुली

उनी अर्थात् मेरी नातिनी आश्विव । भर्खर छ वर्षकी भइन् । कक्षा १ मा पढ्छिन् । सानी बच्ची भए पनि गहिरा कुरा गर्न सक्छिन् । आफ्नो विचारमा अडिग रहन सक्छिन् । अर्को शब्दमा भन्दा, अटेरी र आँटिली छिन् । तर उनको अटेरीपन एकैछिनका लागि मात्र हुन्छ । केही बेरपछि कुरा बुझिछन् र आज्ञाकारी पनि बन्छिन् ।

आश्विव करिब दुई वर्षको उमेरमा बाबाममीको पछि लागेर अमेरिका आएकी हुन् । त्यसैले अहिले उनलाई नेपालको धेरै सम्झना छैन । तैपनि अलिअलि सम्झँदी रहिछिन् । पटकपटक नेपालका पुराना कुरा कोट्याउँछिन् । सबै जना नेपाल फर्कन पाए हुन्थ्यो भन्छिन् । तर हजुरबा-हजुरआमासँग मात्र भने फर्किन चाहन्नन् । सायद संसारमा आमाबाबुजति नजिक र प्रिय अरू कोही हुँदैनन् ।

अहिले हामी हजुरबा-हजुरआमा छोराछोरी र नातिनातिनाका साथ अमेरिकामा छौं । यिनै भुराभुरीको साथमा दिनचर्या बिताइरहेका छौं । हामी पनि रमाएका छौं, अरू पनि रमाएका छन् । जीवन त यस्तै हो, जहाँ भए पनि । रमाउन सक्ने हो भने खुशी हुन सकिन्छ ।

प्रसङ्ग बाबासँग जोडिएको मायाको हो ।

ती सानी नानी आश्विव सधैं बाबाममीसँग नुनु गर्छिन् । हामीसँग भने कहिल्यै नुनु गर्दिनन् । म उनलाई बेलाबेला 'आज मसँग नुनु गर्ने?' भनेर जिस्क्याउँछु । मिठा खानेकुरा दिएर फकाउन खोज्छु । अनेक प्रलोभनको नाटक गर्छु । तर, जे गरे पनि उनी मान्दिनन् । कहिलेकाहीं 'एकैछिनका लागि हो भने हुन्छ' भन्छिन् । केही समयपछि भने 'हुँदैन, बुबा' भन्छिन् ।

उनी कुरा मिलाउन यति खप्पिस छिन् कि पत्याउन पनि गाह्रो हुन्छ । भन्छिन्, 'बुबा, मलाई हजुरसँग नुनु गर्न त मन लाग्छ, तर म धेरै चल्छु । हजुरलाई दुःख हुन सक्छ । अनि राति मलाई सु लाग्छ । म बेडमै सु गरिदिन्छु । तपाईंलाई सुले भिजाउँछ । त्यसकारण म तपाईंसँग सुत्न मिल्दैन ।'

उनको चलाखी यस्तो देखिन्थ्यो कि उनी सुत्न त चाहन्थिन्, तर हजुरबालाई अप्ठ्यारो होला भनेर पछि हट्थिन् ।

'तिमी धेरै चले पनि मलाई केही अप्ठ्यारो हुँदैन । तिमीले सु गरे पनि म भन् खुशी हुन्छु,' भन्दा पनि उनी आफ्नो तर्कबाट पछि हट्दिनन् । कहिलेकाहीं त म नाजवाफ हुन्छु । उनी भन्छिन्, 'बुबा, हजुरलाई मसँग नुनु गर्न मन लाग्छ भने शनिबार र आइतबार मात्र केहीबेर नुनु गर्न सक्नुहुन्छ ।'

तर शनिबार र आइतबार पनि उनी मसँग नुनु गर्दिनन् । अनेक बहाना निकाल्छिन् । कहिले 'अहिले बेला भएको छैन' भन्छिन्, कहिले 'नुनु आएको छैन' भन्छिन् । कहिले चाहिं गृहकार्य गर्नुपर्ने बताउँछिन् । यस्तै कुराले आफ्नो तर्क पुष्टि गरिरहेकी हुन्छिन् आश्विव ।

हामीसँग जति रमाए पनि उनको लगाव बाबाममीसँग नै बढी छ । राति सुत्दा बाबा वा ममी नै चाहिन्छ । यी कुराबाट प्रस्ट हुन्छ–कुनै पनि बच्चाका लागि आमाबाबुको जस्तो नजिकको माया अरू कसैबाट पाउन सम्भव हुँदैन ।

उनका बाबा विद्यावारिधि गर्दै छन् । घरमा बसेर पढ्न त्यति सहज नहुने भएकाले अधिकांश समय विश्वविद्यालयकै पुस्तकालयमा बिताउँछन् । प्रायः रातको १२ नबजी उनी घर फर्किएका हुँदैनन् ।

छोरीलाई बाबाको धेरै न्यास्रो लाग्दो रहेछ । राति सुत्ने बेलामा बाबालाई फोन गरेर छिटो घर आउन भन्छिन् । तर अध्ययनको चापले गर्दा बाबा छिटो घर फर्कन सक्दैनन् । बाबुछोरीको फोनमा गन्थन भए पनि घर फर्किने समय भने सधैं रातको १२ बजे नै हुन्थ्यो ।

एक रात आश्विव आफ्नी ममीसँग सुतिरहेकी थिइन् । केही समयपछि निद्राबाट ब्युँझिइन् । ओछ्यानमा बाबालाई नदेखेपछि 'बाबा खै?' भन्दै रुन थालिन् । म पल्लो कोठाबाट उनको रुवाइ सुनिरहेको थिएँ । उनको रुवाइ सानो बच्चाको जस्तो छँदै थिएन । त्यो त अन्तर्मनबाटै निस्किएको रुवाइ थियो ।

लाग्थ्यो, उनको रुवाइ सामान्य थिएन । रुँदै उनी मेरो कोठामा आइन् । उनको हातमा एउटा सानो डली थियो । त्यही डलीलाई सुमसुम्याइरहेकी थिइन् । त्यसबेला उनको रुवाइमा साथ दिने त्यही डली मात्र थियो ।

मैले उनलाई सोधैं, 'किन यसरी रोएकी? रुनु हुँदैन । आउ, मसँग नुनु गर ।'

तर मैले आश्विलाई फकाउन सकिनँ । उनको रुवाइ निरन्तर चलिरह्यो । केही समयसम्म न उनले मेरो प्रश्नको जवाफ दिइन्, न त रुन नै छोडिन् । मैले उनलाई सान्त्वना दिँदै भनैं, 'म तिम्रो बाबाको पनि बाबा हुँ । धेरै ठुलो बाबा । यति ठुलो बाबा पाउँदा पनि तिमीलाई भन् सानो बाबा नै चाहियो?'

उनी एकछिन के भनूँ भनेर अलमलिइन् । केही बोलिनन् । मैले जतिसुकै प्रलोभन देखाएर फकाउन खोजे पनि उनलाई आफ्नै बाबा चाहिएको थियो ।

मलाई लाग्यो, त्यसबेला उनलाई बाबा नै चाहिएको थियो । म भएर उनको चित्त बुझ्ने अवस्था थिएन । बाबासँगको उनको आत्मीयता मसँग थिएन । राति अबेरसम्म बाबा घर नआएको र ब्युँझँदा ओछ्यानमा बाबा नभेटिएको कुराले उनलाई पीर परेको थियो । एउटी अबोध बालिकालाई आफ्नो बाबाको सम्झना कति गहिरो हुँदो रहेछ भन्ने कुराले मलाई छोयो ।

उनको त्यो रुवाइ, आँसुले भरिएका आँखा र त्यहाँको वातावरणले कताकता मलाई आफ्नै कथा-व्यथा सम्झायो ।

मेरो जन्म अरूको भन्दा अलि फरक परि स्थितिमा भएको थियो । म गर्भे टुहुरो हुँ । बुबाको मृत्युपछि मेरो जन्म भएको थियो । त्यसकारण मैले बा देख्नै पाइनँ । बाको माया कस्तो हुन्छ भन्ने थाहै भएन । बाले 'कान्छा' भनेर बोलाएको अनुभूति गर्न पाइनँ । बाको अनुहार कस्तो थियो, देख्नै सकिनँ । बाको बोली कस्तो थियो, सुन्नै पाइनँ । यसरी बासँग जोडिएको कुनै सानो सम्झनासमेत मेरो जीवनमा रहेन ।

अलि ठुलो भएपछि मात्र मलाई थाहा भयो– बा त म नजन्मिँदै बित्नुभएको रहेछ । लाग्छ, म जस्ता मानिस यो धर्तीमा बिरलै होलान् ।

आश्विव नातिनीको रुवाइ केहीबेरका लागि बाबालाई नभेट्दाको थियो भने मेरो पीडा कहिल्यै बा देख्न नपाएको थियो । उनले आफ्ना बाबालाई केही समयपछि भेट्न पाउँथिन् भने मैले कहिल्यै भेट्न पाउँथिनँ । उनी प्रत्येक दिन बाबाको काखमा लुटुपुटु गर्थिन् । कुरा गर्थिन् । यो चाहियो, ऊ चाहियो भन्थिन् । हाँस्ने, खेल्ने, रुने, झगडा गर्ने, हिँडडुल गर्ने, चकचक गर्ने र रमाइलो गर्ने उनका धेरैजसो दिनचर्या बाबासँगै बित्थे । मेरा लागि भने यस्ता कुरा कहाँ सम्भव थिए र!

मलाई लाग्यो–उनको बाबा र मेरो बामा कति फरक रहेछ! आकाश-जमिनको फरकजस्तै ।

उनले 'बाबा' भनेर बोलाउँदा म झसङ्ग हुन्थैं । किनभने मैले 'बा' भन्ने शब्दसमेत उच्चारण गर्न पाइनँ । मेरो जीवनबाटै 'बा' भन्ने शब्द हटिसकेको थियो । मैले त्यस्तै नियति भोग्नु थियो । भोगैं र अहिले पनि भोगिरहेको छु । कतै कुनै कुरा पढ्दा 'बा' भन्ने शब्द आयो भने म झसङ्ग हुन्छु र आफ्नो विगत सम्झन्छु ।

नातिनी आश्विको दिनचर्याले अहिले मेरो ७६ वर्षअघिको घाउ बल्झाइरहेको छ । त्यसमा मलम लगाउने मसँग कुनै उपाय छैन । म सम्झन्छु–मेरा पनि बा भएको भए, अबेरसम्म घर नफर्कँदा म पनि यसरी नै बा खोज्दै रुन्थैं हुँला । बा कतै जान लाग्दा उहाँको पछिपछि लाग्थैं हुँला । बाको हातको औंला समातेर तोते बोलीमा कतै जान्थैं हुँला । म रोएको बेला 'नरोऊ कान्छा' भन्दै फकाउनुहुन्थ्यो होला ।

हो, यी मेरा कथा-व्यथा अहिलेका लागि काल्पनिक हुन सक्छन्, तर यथार्थको धरातलमा अडिएका छन् । यी वास्तविकतामा आधारित कल्पना हुन् । मैले बा देख्न पाएको भए निश्चय नै नातिनी आश्विले भैं बा खोज्दै भौंतारिएको हुन्थैं होला ।

आश्विव सधैं बाबालाई पर्खिरहेकी हुन्छिन् । केही समयको पर्खाइपछि बाबालाई भेट्छिन् । कस्तो विडम्बना! म भने जति नै पर्खिए पनि बालाई भेट्नै सक्दिनँ ।नातिनीले हरेक दिन बाबासँग बिताएका क्षणले मेरो विगतको घाउ बल्झाइदिन्छन् । त्यसले मलाई पीडा दिइरहन्छ । आशा गर्छु–उनले अब मलाई यो पीडा नथपिदिए हुन्थ्यो ।

कविता

म समय खोज्दैछु



✍ भलादमी भोला

आफूले आफैंलाई धरौटी राखेर
म विगत उदेल्दै छु
मैले छोडेको सालनाल
मेरो इतिहासको दस्तावेज हो
म इतिहासलाई सङ्कलन गरेर
भविष्यमा उभार ल्याउन
खोज्दैछु
म समय खोज्दैछु ।

भत्केका विश्वासहरू
उकेरा लगाएर ठड्याउनु छ
चिल्यासा लागेका वादहरूमा
सारङ्गीको धुन भर्नु छ
उदास अनुहारहरूमा रंग भरेर
आँगनमा झरिलो घाम ल्याउन
म समय खोज्दै छु।

समय छँदै
बतासको भुमरीले उडाएको
घरको छानो छाउनु छ ।
बर्खाको पानीले रुझेर
ओत खोज्दै भौतारिएका
गोठालाहरूलाई
कर्कलाको पात भएपनि
उपहार दिएर
निश्चुक्क हुनबाट जोगाउन
म समय खोज्दै छु।

मैले खोजेको समयले
समस्या पर्गेल्न सक्नुपर्छ ।
रोगीले निको हुन
बेसाहाराले सहारा पाउन
अबलाहरूले
निर्भय बाँच्न पाउनुपर्छ
मैले खोजेको समयले
आँखाको पर्दा हटाएर
वास्तविक ज्ञान भर्नुपर्छ
खुट्टा तान्ने अघि होइन
हात तान्ने अघि हुनुपर्छ ।

लघु कथा

खाली पात्रो



नरेन्द्रनाथ भट्टराई

त्यो दिनअघिसम्म बेइजिङको आकाश खुला थियो ।

फुटपाथमा एउटा सानो टेबल थियो । त्यसमा आधा लिटरका दूधका बोतलहरू लहरै मिलाएर राखिएका थिए । एउटी चिनियाँ महिला बोतल बेचिरहेकी थिइन् । उनको झोला टेबलको खुट्टामा झुन्डिएको थियो ।

हामी नेपाली, उनी चिनियाँ । उनको 'नि हाओ' हाम्रो 'नमस्ते' मा मिसिन्थ्यो । बाँकी सबै हातका इसारा । हामी औंलाले बोतल देखाउँथ्यौं, उनी दाम । हामी सिक्का दिन्थ्यौं, उनी बोतल ।

बोतल दिँदा उनी सधैं पछिल्तिरको पुरानो रुखतिर औंल्याउँथिन्, अनि छातीमा हात राख्थिन् । हामी मुस्कुराउँदै टाउको हल्लाउँथ्यौं । उनी के भन्न खोज्थिन्, कहिल्यै बुझेनौं ।दुई महिना यसैगरी बिते । दिनको एकपटक नभेटी चित्त बुझ्दैनथ्यो । हामी सिक्का गन्थ्यौं, बोतलको पैसा दिन्थ्यौं । उनले पनि हामीलाई देख्नेबित्तिकै बोतल छुट्याएर राख्न थालिसकेकी थिइन् ।

उनले पहिलोपटक हामीलाई नहेरेको दिन पहिलो हिउँ पऱ्यो । हामीले हात हल्लायौं । उनले मुख फर्काइन् । बोतलहरू झोलामा हालिन् । हामी केही बेर उभिइरह्यौं– के भयो ? किन भयो ? भोलिपल्ट पनि उनको व्यवहार उस्तै रह्यो । हामीले टाढैबाट नियाल्यौं । उनले हामीतिर फर्केर हेरिनन् । बोतल मिलाउँदै रहिन् ।

तेम्रो दिन उनको टेबलमा एउटा सानो पात्रो देख्यौं । नीलो आवरण, कुनाको पाना अलिकति च्यातिएको ।

हामीले पात्रोको खाली पानामा लेख्यौं– हामी फर्कने १३ नोभेम्बर, दिउँसो २ बजे । उनले पात्रो उचालिन् । पहिलोपटक हाम्रो आँखामा अडिए हेरिन् । अनि कलमले मिति लेख्न थालिन्– १३ नोभेम्बर, २ बजे ।

केही बेर त्यसलाई हेरिरहिन् । त्यसपछि बिस्तारै मेट्दै गइन् । एउटा अङ्क पनि बाँकी नराखी ।

सबै मेटेपछि उनले पात्रोका पानाहरू पल्टाइन् । कुनै पानामा केही लेखिएको थिएन । खाली पात्रो हामीतिर बढाइन् ।

हामीले लियौं । टेबलमा बोतलहरू मात्र बाँकी थिए । उनले बोतलहरू झोलामा हालिन् । टेबलबाट बाँकी सामान समेटिन् । फर्किएर हेरिनन् । हिँडिन् ।

हामीले त्यो पुरानो रुखतिर हेर्‍यौं– उनले सधैं देखाउने रुख । पातहरू झरेर हाँगा मात्र बाँकी थिए । हामी त्यहीं उभियौं । खल्तीमा फर्किने मिति थियो, हातमा खाली पात्रो ।

हुम्लामा आठ करोडभन्दा बढीको स्याउ बिक्री

❒ काँक्रेविहार संवाददाता
हुम्ला, ११ मंसिर

यस वर्ष हिमाली जिल्ला हुम्लाबाट आठ करोड रुपियाँभन्दा बढीको स्याउ बिक्री भएको छ। जिल्लाका सातवटै गाउँपालिकाबाट उत्पादित स्याउ बिक्री हुँदा आठ करोड २६ लाख ५६ हजार रुपियाँ आम्दानी भएको हो।

जिल्लाका सातवटै गाउँपालिकाबाट उक्त मूल्य बराबरको स्याउ बिक्री भएको कृषि विकास कार्यालयका प्रमुख चुडामणि पन्तले बताए। उनका अनुसार स्याउ खेती गरी उत्पादन दिन थालेको ६९० हेक्टर जमिनबाट पाँच हजार पाँच मेट्रिक टन स्याउ उत्पादन भएको छ। त्यसमध्ये एक हजार ३७७ दशमलव छ मेट्रिक टन स्याउ जिल्ला बाहिर बिक्रीका लागि पठाइएको छ।

गत साउनमा जिल्लाले गरेको निर्णयअनुसार स्याउ जिल्ला बाहिर निकासी गर्दा सम्बन्धित



गाउँपालिकाका कृषि प्राविधिकको सिफारिस अनिवार्य गरिएको थियो। सोही सिफारिसका आधारमा नाम्खा गाउँपालिकाबाट ५० मेट्रिक टन, सिमकोटबाट ४००, खार्पुनाथबाट २००, सर्केगार्डबाट ५००, चंखेलीबाट १४०, अदानचुलीबाट २० र ताँजाकोटबाट ६७ दशमलव छ मेट्रिक टन स्याउ जिल्ला बाहिर निकासी भएको छ।

काँचो स्याउ जिल्ला बाहिर निकासी हुन नदिन सम्बन्धित गाउँपालिकाका कृषि प्राविधिकको सिफारिस अनिवार्य गरिएको प्रमुख पन्तले बताए। उनका अनुसार सिफारिसका आधारमा जिल्ला बाहिर गएको स्याउको परिमाण मात्र उक्त विवरणमा समेटिएको छ।

सुरुमा र पछिल्लो समय सिफारिसबिना पनि स्याउ जिल्ला बाहिर गएको सूचना आएको भन्दै उनले वास्तविक बिक्री परिमाण अझै बढी हुन सक्ने बताए। व्यक्तिगत रूपमा खरिद गरेर पठाइएको तथा हुम्लामै उपभोग भएको स्याउको परिमाण र त्यसबाट भएको आम्दानीसमेत विवरणमा समेटिएको छैन।

सडक सञ्जाल जोडिएपछि गत वर्ष चार करोड रुपियाँ बराबरको स्याउ जिल्ला बाहिर निकासी भएको थियो। यस वर्ष भने स्याउ खेतीबाट किसानले केही भए पनि आम्दानी गर्न थालेको स्याउ किसान मानविर रोकायाले बताए। स्याउ बिक्रीबाट प्राप्त आम्दानीले किसानलाई खेतीप्रति थप सकारात्मक बनाएको उनको भनाइ छ।

हुम्लामा ए ग्रेडको स्याउ प्रतिकेजी ६० रुपियाँ, बी ग्रेडको ५० र सी ग्रेडको ४० रुपियाँ मूल्य निर्धारण गरिएको थियो। यस वर्ष पहिलो पटक जिल्लाबाट आठ मेट्रिक टन फुजी स्याउसमेत बिक्री भएको छ।

राराको ऐतिहासिक महेन्द्र चौतारी ६३ वर्षपछि पुनर्निर्माण

❒ काँक्रेविहार संवाददाता
मुगु, ११ मंसिर

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारा तालको मिलिचौरमा रहेको ऐतिहासिक महेन्द्र चौतारी ६३ वर्षपछि पुनर्निर्माण गरिएको छ।

लामो समयदेखि संरक्षण र मर्मतसम्भारको अभावमा जीर्ण बनेको चौतारी नेपाली सेनाको पहल तथा विभिन्न सरकारी निकाय, स्थानीय संस्था र व्यवसायीको सहकार्यमा पुनर्निर्माण गरिएको हो। रारा राष्ट्रिय निकुञ्जको हुटुस्थित नेपाली सेनाको हनुमान् ध्वज गुल्मको अग्रसरतामा चौतारी पुनर्निर्माण गरिएको हो। पुनर्निर्माण सम्पन्न भएपछि उत्तरपश्चिम पृतनाका पृतनापति उपरथी पदमबहादुर बुढाले चौतारीको उद्घाटन गरेका थिए। स्थानीय समाजसेवी बिर्खबहादुर रोकायाका अनुसार २०२०



सालमा तत्कालीन राजा महेन्द्र वीरविक्रम शाह रारा भ्रमणमा आउँदा मिलिचौरमा आफ्नै नाममा यो चौतारी निर्माण गर्नुभएको थियो। उहाँले यही चौतारीमा बसेर राराको सौन्दर्यबाट प्रभावित भई 'हिमालमा नेपाल कहाँबाट झऱ्यौ तिमी स्वर्गकी अप्सरा रारा' कविता रचना गर्नुभएको स्थानीय बुढापाका बताउँछन्।

राजा महेन्द्रको भ्रमण र उहाँले राराको सुन्दरताबारे कविता रचना गरेको प्रसङ्गले चौतारीलाई ऐतिहासिक महत्व दिएको स्थानीय रोकायाले बताए। रारा ताललाई महेन्द्र तालका नामले समेत चिनिन्छ।

विसं २०२० मा निर्माण भएको चौतारी उचित संरक्षण र मर्मतसम्भारको अभावमा क्रमशः जीर्ण बन्दै गएको थियो। यसको संरक्षण र पुनर्निर्माण हुन नसक्दा ऐतिहासिक सम्पदा नै लोप हुने जोखिम बढेको उनले बताए।

चौतारी पुनर्निर्माणमा रारा राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष, डाँफे होटल तथा लज, मष्टो कुलदेवता प्रतिष्ठान, स्मार्ट कटेज तथा रेष्टुरेन्ट र मनकामना रिसोर्टलगायत सङ्घसंस्थाले सहयोग गरेका छन्।

बगैँचाभरि सुन्तला, किसानलाई बजारको चिन्ता

❒ काँक्रेविहार संवाददाता
बझाङ, ११ मंसिर

बुङ्गल नगरपालिका -५ खोगोलाडीका ५६ वर्षीय सिद्धराज कुँवरको बगैँचामा पुग्दा हरियालीसँगै सुन्तलाका बोटहरुले जोकोहीको ध्यान खिच्छ। साना-ठुला बोटमा हुर्किएका सुन्तलाका फलले बगैँचालाई आकर्षक बनाएको छ।

कतै सुन्तलाका बोटमा फल लागेका छन् त कतै नयाँ बिरुवा हुर्किरहेका छन्। वर्षौंको मेहनत, पसिना र लगनशीलताका कारण उनको बगैँचाले अहिले व्यावसायिक कृषि कर्मको सुन्दर स्वरूप लिएको छ। कृषि पेसालाई जीवनको मुख्य आधार बनाएका कुँवरले आफ्नो बारीमा साना-ठुला गरी एक हजार पाँच सयभन्दा बढी सुन्तलाका बोट हुर्काकाएका छन्। सुन्तला खेतीसँगै तरकारी, केरा र



उखु खेतीसमेत गर्दै आएका उनी आफ्नै गाउँमा बसेर कृषि व्यवसायबाट राम्रो आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका छन्। उनको बगैँचामा सुन्तला फल्ने गरे पनि त्यसलाई सहज रूपमा बजारसम्म लैजाने बाटो छैन। उत्पादनको सम्भावना र आम्दानीको अवसर हुँदाहुँदै सडक तथा बजारको अभावले अपेक्षित प्रतिफल लिन नसकेको उनको अनुभव छ। बगैँचामा फल्ने सुन्तलाले समृद्धिको सपना देखाए पनि बजारसम्म पुग्नुपर्ने कठिन यात्राले उनलाई चिन्तित बनाएको छ। बुवा गौरीलाल कुँवर र आमा झुपारीदेवी कुँवरका जेठा छोरा सिद्धराज विगत १५ वर्षदेखि निरन्तर कृषि पेसामा सक्रिय छन्।

सामान्य खेतीपातीबाट सुरु भएको उनको कृषियात्रा अहिले उनले नवीन कृषि तथा पशुपन्छी फार्म दर्तागरी व्यावसायिक स्वरूपमा विस्तार गरेका छन्। समयसँगै खेतीको क्षेत्र विस्तार गर्दै गएका उनले सुन्तला खेतीलाई मुख्य प्राथमिकतामा राखेका छन्। त्यसबाहेक मौरीपालन, मौसमी तथा बेमौसमी तरकारी, केरा र उखु खेतीलाई पनि निरन्तरता दिँदै आएका छन्।

वार्षिक १० लाखसम्म आम्दानी

कुँवरको कृषि व्यवसाय अहिले परिवारको आम्दानीको महत्वपूर्ण आधार बनेको छ। उनका अनुसार सुन्तला बिक्रीबाट मात्रै वार्षिक करिब ६ देखि ७ लाख रुपियाँ आम्दानी हुने गरेको छ। त्यस्तै, तरकारी, केरा, उखु तथा अन्य कृषिउपजको बिक्रीबाट थप २ देखि ३ लाख रुपियाँ आम्दानी हुने गरेको छ।

सबै कृषि व्यवसायलाई जोड्दा उनको वार्षिक आम्दानी करिब ९ देखि १० लाख रुपियाँ पुग्ने गरेको उनले बताए। एउटै खेतीमा निर्भर नभइ विभिन्न कृषिउपज उत्पादन गर्ने उनको अभ्यासले कृषि व्यवसायमा विविधीकरणको महत्वसमेत देखाएको छ।

सुन्तला खेतीबाट राम्रो आम्दानी हुन थालेपछि उनले बगैँचाको विस्तार र व्यवस्थापनमा पनि निरन्तर मेहनत गर्दै आएका छन्। नयाँ बिरुवा हुर्काउने, पुराना बोटको हेरचाह गर्ने र अन्य कृषिउपज उत्पादन गर्ने उहाँको दैनिकी बनेको छ।गाउँमै बसेर कृषि व्यवसायबाट वार्षिक लाखौँ रुपियाँ आम्दानी गर्न सकिने उनको अनुभवले वैदेशिक रोजगारी तथा बाहिरको रोजगारीलाई मात्र आर्थिक उन्नतिको विकल्प ठान्ने सोचलाई पनि चुनौती दिएको छ।

अस्पतालमा निःशुल्क राखिएका २५३ शैया खाली



❒ काँक्रेविहार संवाददाता
बैतडी, ११ मंसिर

सरकारले विपन्न, असहाय तथा बेवारिसे नागरिकका लागि अस्पतालमा छुट्याएको १० प्रतिशत निःशुल्क शैयाको सेवा सुदूरपश्चिम प्रदेशमा प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सञ्चालनमा ल्याएको 'निःशुल्क स्वास्थ्य पोर्टल' को तथ्याङ्अनुसार सुदूरपश्चिममा २४७ वटा निःशुल्क शैया खाली रहँदा लक्षित वर्गका जम्मा छ जना बिरामीले मात्र यो सेवा पाएका छन्। पोर्टलमा अद्यावधिक विवरणअनुसार सुदूरपश्चिम प्रदेशको आबद्ध सरकारी तथा निजी अस्पतालमा कुल एक हजार ६०१ शैया छन्। जसमध्ये कानुनी प्रावधानअनुसार २५३ शैया विपन्न तथा लक्षित वर्गका लागि निःशुल्क छुट्याइएको छ। हाल छ जना बिरामी मात्र ती शैयामा भर्ना भइ उपचाररत छन्। प्रदेशको नौ वटै जिल्लामा कुल एक हजार ६०१ शैयामध्ये कैलालीमा सबैभन्दा बढी एक हजार १८१ शैयामध्ये २०९ वटा शैया निःशुल्क छन्। एक जना मात्रै लक्षित बिरामीले सेवा पाएका छन्। पहाडी जिल्लाको अधिकांश बिरामी उपचारका लागि कैलाली झर्ने भए पनि लक्षित वर्गका बिरामीले सेवा पाउन सेकेका छैनन्। यो विषयमा अनुगमनसमेत भएको छैन।

कञ्चनपुरमा कुल एकसय वटा शैयामध्ये १० वटा निःशुल्क रहेकोमा तीन जनाले सेवा लिइरहेका छन्। डोटीमा १४० शैयामध्ये १५ शैया निःशुल्क भए पनि एक जनाले मात्र सेवा पाएका छन्। त्यसैगरी डडेलधुरामा एकसय शैयामध्ये १० शैया निःशुल्क भए पनि एक जनाले सेवा पाएको छन् भने बझाङमा १५ शैयामध्ये एक जनाले सेवा पाएका छन्। बाजुरा, अछाम, दार्चुला र बैतडीमा लक्षित वर्गका बिरामीले सेवा पाउन सकेका छैनन्। सकारले निःशुल्क उपचारका लागि कार्यविधी बनाए पनि सुदूरपश्चिमका ५४ प्रतिशत मानिस खल्तीबाटै उपचार गर्दै आइरहेको स्वास्थ्य निर्देशनालयको तथ्याङ्क छ। खासगरी निजी अस्पतालले निःशुल्क शैयाको उपलब्धता लुकाउने गरेको तथा लक्षित वर्गका बिरामीलाई संवैधानिक र कानुनी व्यवस्थाबारे पर्याप्त जानकारी नहुँदा सेवा लिनेको संख्या अत्यन्त न्यून देखिएको छ। सरोकारवाला निकायले अस्पतालको मुख्य प्रवेशद्वारको सूचना पाटीमै दैनिक रूपमा निःशुल्क शैयाको विवरण अद्यावधिक गर्न लगाउनुपर्नेमा जोड दिएका छन्।

तीन...

दिइनेछ।

रास्वपाले अन्य प्रदेशको तुलनामा कर्णालीलाई प्राथमिकतामा राख्दै प्रदेशस्तरीय प्रशिक्षणको सुरुवात यहीँबाट गर्न लागेको जनाएको छ।

कर्णालीमा पार्टीको अवस्था अपेक्षाकृत कमजोर देखिएकाले संगठन सुदृढीकरण र आगामी राजनीतिक तयारीका लागि कर्णालीलाई प्राथमिकता दिइएको महामन्त्री चन्दले बताए। 'कर्णालीलाई अहिले रास्वपाले विशेष तरिकाले हेरेको छ। चुनावमा पनि रास्वपाको अवस्था केही न्यून रहेको देखियो,' उनले भने, 'हरेक हिसाबले पछाडि परेको प्रदेश भएकाले सरकारले पनि अहिले प्राथमिकताका साथ काम गरिरहेको छ भने पार्टीले पनि कर्णालीलाई प्राथमिकतामा राखेर यहीँबाट प्रशिक्षणको सुरुवात गरेको हो। कर्णालीबाट प्रशिक्षण सुरु गरेपछि क्रमशः अन्य प्रदेशमा पनि कार्यक्रम सञ्चालन गर्ने पार्टीको तयारी छ।

प्रशिक्षणलाई संगठन विस्तार, नेतृत्व विकास तथा पार्टीको राजनीतिक दृष्टिकोणबारे नेता-कार्यकर्तालाई स्पष्ट पार्ने अवसरका रूपमा लिइएको छ। यसैबीच, उम्मेदवार छनोटको विषयमा सामाजिक सञ्जालमार्फत आफूलाई उम्मेदवार घोषणा गर्दै प्रचार गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने रास्वपाले जनाएको छ। पार्टीका सहमहामन्त्री राजबहादुर शाहले 'म नै उम्मेदवार हुँ' भन्दै सामाजिक सञ्जालमा प्रचार गर्नेहरूमाथि कारबाही गरिने बताए।

उम्मेदवारको संख्या अझै टुंगो नलागेकाले बढ्न सक्ने उनको भनाइ छ। संगठन विस्तारका क्रममा रास्वपा कर्णालीले प्रदेशका १० जिल्लामध्ये आठ जिल्लामा अधिवेशन सम्पन्न गरिसकेको छ। डोल्पा र हुम्लामा भने अधिवेशन हुन बाँकी रहेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

करार कर्मचारी र राहत शिक्षकसहित अनौपचारिक श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ मंसिर



सरकारले सङ्घीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक, बालविकास सहजकर्ता र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने प्रक्रिया अघि बढाउने भएको छ। सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै सबै श्रमजीवी नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा समेट्ने सरकारको नीति रहेको छ। नवौं सामाजिक सुरक्षा दिवस, २०८३ का अवसरमा आयोजित कार्यक्रममा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा सामाजिक सुरक्षामन्त्री सिता बादीले सामाजिक सुरक्षा सबै श्रमिकको साझा अधिकार र सुरक्षित भविष्यको आधार भएको उल्लेख गर्दै सरकारले यसको दायरा विस्तारका लागि नीतिगत तथा संस्थागत पहल अघि बढाएको बताइन्। मन्त्री बादीका अनुसार चालु आर्थिक वर्षको बजेटमा सामाजिक सुरक्षा कोष खर्च शीर्षकअन्तर्गत विनियोजित १ अर्ब ८० करोड ६३ लाख रुपैयाँबाट सङ्घीय सरकारका करार कर्मचारी, राहत तथा अस्थायी शिक्षक र बालविकास सहजकर्तालाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने प्रक्रिया थालनी गरिएको छ।त्यसैगरी, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सङ्घीय सरकारले सह-योगदान गर्ने व्यवस्था अघि बढाइएको छ। स्थानीय तहको सहयोगदानसहित कोषमा आबद्ध हुने श्रमिकका लागि हाललाई एक प्रतिशत बराबरको सह-योगदान सङ्घीय सरकारले जम्मा गरिदिने व्यवस्था तयार गरिएको मन्त्री बादीले जानकारी दिइन्।

चुनाव चिह्न र झण्डाको दुरुपयोग रोक्न कांग्रेसले आयोगलाई पत्र लेख्ने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ मंसिर

नेपाली कांग्रेसले पार्टीको आधिकारिक चुनाव चिह्न र झण्डाको दुरुपयोग रोक्न निर्वाचन आयोगलाई पत्राचार गर्ने निर्णय गरेको छ। शुक्रबार पार्टी कार्यालय सानेपामा सम्पन्न कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले १५ औं महाधिवेशनपछि आयोगले कांग्रेसको अद्यावधिक गरिसकेकाले पार्टीको आधिकारिक चुनाव चिह्न र झण्डाको दुरुपयोग रोक्न निर्वाचन आयोगलाई पत्राचार गर्ने निर्णय गरेको हो। साथै बैठकले पार्टीको नाम, चुनाव चिह्न र झण्डाको दुरुपयोग नगर्न अर्को पक्षलाई सचेत गराउने निर्णय समेत गरेको कांग्रेस सहमहामन्त्री अजयबाबु शिवाकोटीले जानकारी दिए । बैठकले सरकारले अध्यादेशबाट शासन चलाउन खोजेको, संविधान तथा लोकतान्त्रिक संस्थामाथि प्रहार गरेको निष्कर्ष निकालेको उनले बताए। त्यस्तै पासपोर्ट प्रकरण र सुनकोसी-मरिन डाइभर्सन प्रकरणमा राज्यका संयन्त्र दुरुपयोग गरी आर्थिक चलखेल तथा स्वार्थ पूरा गर्न खोजिएको सहमहामन्त्री शिवाकोटीले उल्लेख गरे ।स्थानीय चुनावको तयारीका लागि देशभरिका पालिकामा केन्द्रीय प्रतिनिधि खटाउने निर्णय समेत भएको उनले बताए। साथै बैठकले सुकुम्वासीलाई होल्डिङ सेन्टरबाट लखेटिएको विषयको विरोध गरिएको शिवाकोटीले जानकारी दिए। बैठकका पूर्ण निर्णय शनिबार पार्टी कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी सार्वजनिक गरिने कांग्रेसले जनाएको छ।

क्रिकेटमा...

विभागीय टोली नेपाल पुलिस क्लब मधेश प्रदेशसँग २९ रनले पराजित भएको छ। शुक्रबार कालुन्चोक मैदानमा भएको प्रतियोगिताको चौथो खेलमा मधेशसँग हार व्यहोर्दै पुलिसले प्रतियोगिताको सुरुवात गरेको हो। टस जितेर पहिले फिल्डिङ गरेको पुलिसविरुद्ध मधेशले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १६६ रनको प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो। मधेशका लागि सन्तोष कार्कीले ४२ बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ६० रन बनाए। विवेककुमार यादवले आक्रामक ब्याटिङ गर्दै १६ बलमा चार छक्का र एक चौकासहित अविजित ३७ रन जोडे। त्यस्तै पवन सर्राफले २१ बलमा अविजित २३ र मयन यादवले १९ रन बनाए। मधेशले दिएको १६७ रनको लक्ष्य पछ्याएको पुलिसले निर्धारित २० ओभरमा लक्ष्य भेट्टाउन सकेन। पुलिसका राशिद खानले २९ बलमा तीन चौका र तीन छक्कासहित ४१ रन बनाए पनि टोलीलाई जिताउन सकेनन्। ओपनर अमित श्रेष्ठ ६ र शंकर राना नौ रनमा आउट भएपछि दबाबमा परेको पुलिसका लागि दिलिप नाथले १४, श्रवण यादवले १६, चन्द्रकान्त पौडेलले १९ र सागर ढकालले १० रन बनाए। पुलिसका बलर अरनिकोप्रसाद यादवले चार ओभरमा २९ रन खर्चेर तीन विकेट लिए। रुपेशकुमार सिंह र अभिषेक तिवारीले समान दुई-दुई विकेट हात पारे।

महिला बास्केटबलका आठ टोली सेमिफाइनलमा

१०औं राष्ट्रिय खेलकुदअन्तर्गत महिला बास्केटबलका दुई विधामा गरी आठ टोली सेमिफाइनलमा प्रवेश गरेका छन्। फूल कोर्ट (५×५) तर्फ चार र थ्री एक्स थ्री (३×३) तर्फ चार गरी आठ टोली सेमिफाइनलमा पुगेका हुन्। राष्ट्रिय सिनियर रेफ्री राजेश महर्जनका अनुसार फूल कोर्टतर्फ एपीएफ क्लब, सुदूरपश्चिम प्रदेश, नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेका छन्। त्यस्तै थ्री एक्स थ्रीतर्फ नेपाल आर्मी, बागमती प्रदेश, एपीएफ क्लब र कर्णाली प्रदेशले अन्तिम चारमा स्थान बनाएका छन्।

शुक्रबार भएका फूल कोर्टतर्फका क्वार्टरफाइनल खेलमा एपीएफले गण्डकी प्रदेशलाई ७९-१२ अंकले पराजित गरेको छ। सुदूरपश्चिम प्रदेशले लुम्बिनीलाई ३९-१६ अंकले हराउँदा नेपाल पुलिसले कोशी प्रदेशलाई ५५-४० र नेपाल आर्मीले बागमती प्रदेशलाई ६७-२० अंकले पराजित गरेका छन्। त्यस्तै थ्री एक्स थ्रीतर्फ त्रिभुवन आर्मीले गण्डकी प्रदेशलाई १९-६ अंकले पराजित गरेको छ। बागमती प्रदेशले लुम्बिनीलाई १४-१०, एपीएफले सुदूरपश्चिमलाई १३-७ र कर्णाली प्रदेशले नेपाल पुलिसलाई १७-८ अंकले हराउँदै सेमिफाइनलमा स्थान बनाएका छन्।

यसअघि बिहीबार भएका खेलबाट फूल कोर्टतर्फ गण्डकी, लुम्बिनी, कोशी र बागमती तथा थ्री एक्स थ्रीतर्फ गण्डकी, लुम्बिनी, सुदूरपश्चिम र नेपाल पुलिस प्रतियोगिताबाट बाहिरिएका थिए।

दैलेखबाट ओलम्पिक टर्चसहित ट्रफी टुर सुरु

१०औं राष्ट्रिय खेलकुदको प्रचारप्रसार र खेलकुदको माहोल सिर्जना गर्ने उद्देश्यले ओलम्पिक टर्च तथा ट्रफी टुर सुरु गरिएको छ। शुक्रबार दैलेखको धार्मिक तथा पर्यटकीय स्थल श्रीस्थानस्थित अखण्ड ज्वालाबाट ओलम्पिक टर्च प्रज्वलन गरी टुरको शुभारम्भ गरिएको हो। वीरेन्द्रनगरस्थित मुख्य खेलस्थलबाट कर्णालीका सामाजिक विकासमन्त्री जितबहादुर मल्ल, राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठ, सदस्यसचिव रामचरित्र मेहता, कर्णाली प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष प्रमोद हमाल र सदस्यसचिव रविन्द्र चन्दले टर्च तथा ट्रफी टुर टोलीलाई बिदाइ गरेका थिए।

श्रीस्थानको ज्वालाबाट प्रज्वलित टर्च खेलकुद परिषद्का सदस्यसचिव रविन्द्र चन्दले म्याराथन धावक हरिबहादुर रोकायालाई हस्तान्तरण गरेका थिए। दैलेखबाट सुरु भएको टुर कालिकोट हुँदै जुम्ला पुग्नेछ।

टुरमा ओलम्पियन दीपक विष्ट, सागका दोहोरो स्वर्ण पदक विजेता दीपक श्रेष्ठ, म्याराथन धावक हरिबहादुर रोकाय, ओलम्पियन देबु थापा र कराते खेलाडी मण्डेकाजी श्रेष्ठलगायत सहभागी छन्।

क्षयरोगबाट बचौं र बचाऔं



- लामो समयसम्म खोकी लाग्नेमा, खकारमा रगत देखिएमा, तौल घट्ने, ज्वरो आउने जस्ता लक्षण देखिएमा स्वास्थ्य जाँच गराऔं,
- क्षयरोग सरुवा रोग हो, समयमै पहिचान र नियमित उपचारबाट निको हुन सक्छ,
- स्वास्थ्यकर्मीको सल्लाह अनुसार क्षयरोगको औषधि नियमित सेवन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बिमालेख हराएको सूचना !

मिति २०८३/०८/०८ गते दैलेखदेखि सुर्खेततर्फ जाँदै गर्दा मेरो **रिलायबल नेपाल लाइफ इन्स्योन्स लि.** को बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न व्यक्ति वा निन्न शाखामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

तपसिल:

नाम: केशव शाही **बिमालेख नं.:** ७०८०००००११६
ठेगाना: ठाँटीकाँघ-५, आग्र, दैलेख **फोन नं.:** ९७६७८७२०८३

रिलायबल नेपाल लाइफ इन्स्योन्स लि.
शाखा कार्यालय वीरेन्द्रनगर, सुर्खेत

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/१२

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री वर्षा कार्की** धनी रहेको, **दर्ता नम्बर** ६७०१/०७७/०७८ बाट **गुर्भाकोट-८, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री कार्की आधुनिक कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)